मिति २०७५/०३/०७ वैठक संख्याः २१

आज मिति २०७५/०३/०७ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

१) श्री बुद्धि प्रसाद भुसाल

# देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २१ मिति: २०७५।०३।०७

प्रस्तावहरु

१) समीक्षा

२) गाउँपालिका गौरव योजना

३) विषयगत समितिवाट योजना प्रथमिकिकरण

४) संगठन संरचना

५) कर्मचारी सेवा सुविधा कार्यविधि ,२०७५

६) विद्यालय अनुदान

७) अध्ययन भ्रमण

निर्णयहरु

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्ला वैठकका निर्णय कार्यान्वयनको प्रगति समीक्षा गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिका गौरव योजना पहिचान गरि आगामी आ.व.मा प्राथमिकता दिने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँ सभाका विषयगत समितिवाट योजना प्रथमिकिकरण तथा सुझाव लिने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलले पछि अन्तिम संगठन संरचना दरवन्दी तेरिज तयार गरेमा सोही बमोजिम हुने गरि हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको अन्तरिम संगठन संरचना दरवन्दी तेरिज अनुसारकै यस गाउँपालिकाको पनि अन्तरिम संगठन संरचना दरवन्दी तेरिज स्विकृत गरि गाउँ सभामा पेश गर्ने निर्णय गरियो । साथै यस आ.व.मा विषयगत कार्यालयहरुवाट तथा जिल्ला समन्वय समितिवाट यस गाउँ कार्यपालिकाको कार्यालयमा काजमा खटिई कामकाज गर्दै आउनु भएका स्थायी तथा करारका कर्मचारीहरु तथा गाउँ कार्यपालिकाको कार्यालयले यस आ.व.मा करार शर्तमा र ज्यालादारीमा काममा लगाईएका श्रेणी युक्त र सहयोगी स्तरका कर्मचारीहरुलाई आवश्यकता र कार्य सम्पादन क्षमताको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलले पछि अन्तिम संगठन संरचना दरवन्दी तेरिज तयार नगर्दा र पद पुर्ति नहुँदा सम्मको लागी आगामी आर्थिक वर्ष २०७५।०७६ मा काम काजमा लगाउने निर्णय गरियो । साथै आगामी आ.व. २०७५।०७६ मा चार जनालाई करारमा पाले पहराको काम लगाउने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा कर्मचारी सेवा सुविधा तथा काम कर्तव्य कार्यविधि २०७५ स्किृत गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल अनुसारका विद्यालयहरुमा विद्यालयको आवश्यकता अनुसारका क्षेत्रमा खर्च गर्ने गरि तपसिल अनुसारको रकम अनुदानको रुपमा विद्यालयको खातामा जम्मा गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.श. | विद्यालयको नाम, ठेगाना | अनुदान रकम |
|---|---|---|
| १ | राष्ट्रिय आधारभूत विद्यालय काफलडाडां, देवघाट ४ | ४९२५०। |
| २ | चम्कादेवी डुडें प्रा.वि. | १५०००। |
| ३ | कृष्णगण्डकी वाल विकास केन्द्र बेलश्वारा | १५०००। |
| ५ | जनशक्ति प्रा.वि आमडाडां | १५०००। |
| ६ | वसेनीटार वालविकास केन्द्र , देवघाट १ | १५०००। |
| ७ | चण्डीका विद्यालय देवघाट ३, गोन्ड्रयाङ्ग | १५०००। |

७) **प्रस्ताव नं. ७ को** अध्ययन भ्रमण सम्बन्धमा छलफल गर्दा देवघाट धार्मिक क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागी गाउँपालिकाले सम्भावनाको खोजी गरिरहेको सन्दर्भमा गायत्रीतीर्थ शान्तिकञ्ज हरिद्धारवाट हरिद्धारमा निमन्त्रणा आएकोले देवघाट धार्मिक क्षेत्रको थप विकास गर्न र अनुकरणीय अनुभव हाँसिल गर्न र भगिनी सम्बन्धको प्रस्ताव राख्ने सम्बन्धमा स्थलगत अध्ययन अवलोकन गर्न उपयुक्त भएकोले गाउँपालिकाका अध्यक्षको नेतृत्वमा एक टोली हरिद्धार जाने निर्णय गरियो ।